# जिल्ला विकास समिति
# निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम
# योजना छनौट तथा कार्यान्वयन स्थितिको मूल्याङ्कन
# कार्यमूलक लेखापरीक्षण प्रतिवेदन - २०७३

## निकायको जानकारी

१. **पृष्ठभूमि :** जनतालाई अधिक मात्रामा राज्यको शासन प्रणालीमा सम्मिलित गराई विकेन्द्रीकरणको भावना अनुरुप स्थानीय नेतृत्वको विकास र जनताको दैनिक आवश्यकता तथा जनजीविकालाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने गराउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भएको हो । यस ऐनको दफा १७० ले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कायम प्रत्येक जिल्लालाई नेपाल सरकारले जिल्ला विकास क्षेत्र तोक्न सक्ने व्यवस्था अनुसार जिल्ला विकास समितिको क्षेत्र तोकेको छ । यसरी तोकिएको जिल्ला विकास क्षेत्रमा जिल्ला परिषद्को कार्यकारीणीको रुपमा जिल्ला विकास समिति गठन गरिएको छ । स्थानीय तहको समग्र स्रोत परिचालन व्यवस्थापन र सेवा प्रवाह एवं विकास निर्माण कार्य स्थानीय निकायबाट सञ्चालन हुँदै आएका छन् ।

<u>प्रमुख कार्य सम्पादन सूचक</u>

- योजना छनौट
- योजना कार्यान्वयन
- योजना अनुगमन तथा मुल्यांकन

विकेन्द्रीकरणको माध्यमद्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई आफ्नो क्षेत्रको विकासको लागि साधन सम्पन्न बनाई विकासको प्रतिफल सन्तुलित र समानुपातिक बनाउन, सामाजिक समानता ल्याउने कार्यमा आदिवासी जनजाति, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृदि गर्दै विकास प्रकृयालाई नियमित गर्ने, योजनाहरुको निर्माण र त्यसको कार्यान्वयन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी सोको जिम्मेवारी वहन गर्न सक्ने स्थानीय निकायको संस्थागत विकास गर्ने, त्यस्ता व्यक्तिहरु स्थानिय जनताले छान्ने व्यवस्थाको साथै तिनीहरुको काम, कर्तव्य, अधिकार, सेवा, सुविधा र कार्यक्षेत्र समेत स्थानीय स्वयात्त शासन ऐन, २०५५ मा व्यवस्था भएको छ । सोही ऐन बमोजिम स्थानिय निकायले आन्तरीक आय जुटाउन विभिन्न प्रकारको कर, शुल्क र दस्तुर लगाउन सक्ने तथा विभिन्न सम्पत्ति विक्री गरी आय आर्जन गर्न सक्ने व्यवस्था छ । साथै नेपाल सरकारले स्थानिय निकायलाई सर्शत तथा निर्शत अनुदान दिने व्यवस्था छ । यसरी प्राप्त आन्तरिक आय र अनुदान रकमवाट स्थानिय निकायले सहभागितामुलक तवरले योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ ।

जननिर्वाचित सांसदहरुलाई आफ्नो निर्वाचन क्षेत्रका विकास निर्माणमा सहभागी भई जनप्रतिनिधि र जनताबिचको सम्बन्ध सुदृढ तुल्याउन सहयोग पुगोस् र विकास निर्माणका स्थानीय आवश्यकताहरु जनप्रतिनिधिहरु मार्फत् पनि सम्बोधन हुन सकुन् भन्ने मान्यताका साथ आर्थिक बर्ष २०७०।७१ देखी निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन हुँदै आएको छ । उक्त कार्यक्रमहरु निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ र निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ बमोजिम सञ्चालन हुने व्यवस्था छ । आ.ब. २०७२।७३ मा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगत माननीय सांसदहरु सम्मिलित संयन्त्रले छनौट गरेका जिल्ला परिषदले स्वीकृत गरेका पूर्वाधार आयोजनाहरु जनसहभागिताको आधारमा कार्यान्वयन गर्न प्रत्येक निर्वाचन क्षेत्रका लागि रु. १ करोड ५० लाख र निर्वाचन क्षेत्र विकासका लागि सबै माननीय सांसदहरुलाई प्रति सांसद रु. २० लाख विनियोजन भएको छ ।

२. **कार्यमूलक लेखापरीक्षणको लागि छनौटको आवश्यकता र औचित्य :** लामो समयदेखि स्थानीय निकायको निर्वाचन नभएकोले स्थानीय निकाय जनप्रतिनिधि विहिन अवस्थामा रहेको अवस्था विद्यमान छ । स्थानीय निकायहरु सर्वसाधारण जनताको नजिक रहेर नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने निकायको

रुपमा रहेका छन् । स्थानीय निकायले आम सर्बसाधारण जनताको अपेक्षा तथा आवश्यकता अनुरुप विकास निर्माण र सामाजिक सेवाका कार्यक्रम सञ्चालन गर्नुपर्ने, सर्वसाधारण सेवाग्राहीले जवाफदेहिता र पारदर्शिताको विषयमा समय समयमा गुनासो गरिरहने, स्थानीय निकायको संस्थागत क्षमता विद्यमान रहने तर प्रत्येक बर्ष विभिन्न कार्यक्रम तथा बजेट थप भई रहने, जनप्रतिनिधिहरुले नीति निर्माणमा भन्दा सानातिना विकासका काममा अल्मलिनु पर्ने तथा निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम स्थानीय जनचासोको विषय भएकोले कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरिएको हो ।

३. **कानूनी व्यवस्था** : स्थानीय निकाय सञ्चालन सम्बन्धी मूल कानुन स्थानीय स्वायत्त शासन ऐन, २०५५ हो । यस ऐनमा योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा निम्नानुसार व्यवस्था गरिएको छ ।

- अनुदान रकमहरुको खर्च प्रणाली र कार्यविधिहरु नेपाल सरकारले तोक्न सक्ने,
- स्थानिय निकायले योजना तर्जमा गर्दा सहभागितामुलक योजना तर्जमा प्रकृया अवलम्बन गर्नुपर्ने,
- योजना तर्जुमा गर्दा सेवा केन्द्र, विषयगत योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समिति, सम्बन्धित स्थानीय निकाय र सम्बन्धित स्थानीय निकायको परिषदमा छलफल गरी योजना तर्जुमा गर्नुपर्ने,
- योजनाको कार्यान्वयन तोकिए बमोजिम हुने ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ र निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ मा निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा मुख्य रुपमा निम्न व्यवस्था गरीएको छ ।

✓ यस नियमावली बमोजिम सञ्चालन हुने आयोजनाको छनौट, कार्यान्वयन र व्यवस्थापनको कार्यलाई निर्देशित गर्न प्रत्येक निर्वाचन क्षेत्रमा एक निर्वाचन क्षेत्र विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति रहने,

✓ समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नुपर्ने,

✓ यस नियमावली बमोजिम देहाय बमोजिमका भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना सञ्चालन गर्न सकिनेछ :-

- नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्बन्धी आयोजना,
- सडक निर्माण तथा स्तरोन्नति (सडक पुल, झोलुङ्गे पुल,कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,
- खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,
- सार्वजनिक जग्गा संरक्षण, ऐतिहासिक, साँस्कृतिक, साहित्य, कला एवं पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जिर्णोद्वार तथा निर्माण आयोजना,
- वातावरण संरक्षण, जैविक विविधता तथा वन संरक्षण, हरियाली क्षेत्र र पार्क निर्माण सम्बन्धी आयोजना,
- नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,
- स्वास्थ्य चौकी, प्रसुति भवन, सामुदायिक भवन, वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,
- कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,
- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना,

- जिल्ला वा नगर परिषद्ले निर्वाचन क्षेत्र विशेष कार्यक्रमबाट सञ्चालन हुने भनी छनौट गरेका पूर्वाधार सम्बन्धी आयोजना ।

✓ साझेदारी तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने,

✓ छनौट भएका कार्यक्रम सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने,

✓ कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम जिल्ला विकास समितिले गर्ने,

✓ कार्यक्रमहरूको विवरण जिल्ला विकास समितिले सार्वजनिकिकरण गर्नुका साथै जिल्ला विकास समितिको वेब साईटमा समेत राख्नु पर्ने,

✓ छनौट भएका कार्यक्रमहरूको विवरण जिल्ला विकास समितिले राष्ट्रिय योजना आयोगको सचिवालय तथा मन्त्रालयमा पेश गर्नुपर्ने,

✓ सञ्चालित कार्यक्रमहरू कार्यसम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्ने,

✓ जिल्ला विकास समितिले तेकिएबमोजिम लेखापरीक्षण गराउने,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले स्थानीय स्वायत्त शासन नियावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ लागू गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा २७५ र २७६ ले स्थानीय निकायहरुलाई क्रमशः विनियम र निर्देशिका बनाउन सक्ने अधिकार प्रदान गरेको छ । त्यस्तै आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली २०६४, आर्थिक ऐन, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ लगायत अन्य प्रचलित ऐन नियमहरु अनुसार स्थानीय निकाय सञ्चालन हुने गरेको छ ।

## ४. **उद्देश्य तथा लक्ष्य :**

४.१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावनामा उल्लेख भए अनुसार जिल्ला विकास समितिका मुख्य उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

- जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित गराउने,
- आफ्नो क्षेत्रको विकासका लागि स्रोत साधनको परिचालन एवं व्यवस्थापन गर्ने,
- सन्तुलित विकासको अवधारणालाई साकार पार्ने,
- सामाजिक समानता ल्याउन जनजाती, दलित, आदिवासी र आर्थिक सामाजिक दृष्टिले पिछडिएका वर्ग समेतको सहभागितामा विकास कार्यक्रम सञ्चालन गर्ने,
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवारी एवं अधिकार स्थानीयस्तरमा प्रदान गर्ने,
- स्थानीय नेतृत्वको विकास गर्ने,
- दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयमा स्थानीयस्तरबाटै निर्णय गर्न सक्ने गरी स्वायत्त शासन पद्धतिको विकास गर्ने ।

४.२. **त्रि–वर्षीय योजना** : (२०७०।७१–२०७२।७३) को स्थानीय विकास सम्वन्धी उद्देश्य, रणनीति तथा कार्यनिति देहाय बमोजिम छन् ।

४.२.१. **उद्देश्य :**

विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायको नेतृत्वदायी भूमिकामा स्रोत, साधन, सीप तथा प्रविधिको समेत उपयोग गर्दै जनताका आधारभूत सेवा एवं सुविधाहरु प्रभावकारी ढंगले उपलब्ध गराई विकास तथा सेवाका अवसरहरुमा स्थानीयवासीको पहुँच अभिवृद्धि गर्ने ।

४.२.२. **रणनीति :**

- संघीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप राजनीतिक, वित्तीय र प्रशासनिक अधिकारहरु स्थानीय निकायमा निक्षेपण गरी अधिकार सम्पन्न, जिम्मेवार तथा उत्तरदायी स्थानीय निकायको स्थापना र सञ्चालन गर्ने ।

- भौगोलिक, सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र र समुदायलाई समन्यायिक तथा समावेशीकरणका माध्यमबाट सशक्तीकरण गरी स्रोत साधनमा उनीहरुको पहुँच अभिवृद्धि र स्वामित्व स्थापित गर्ने ।

- स्थानीय स्वायत्त शासन पद्धतिको सुदृढीकरण गर्न विषयगत मन्त्रालयहरुबाट तयार गरिने/गरिएको निक्षेपण कार्ययोजना अनुरुप अधिकारको निक्षेपण र स्थानीय निकायको क्षमता अभिवृद्धि गर्दै एकीकृत रुपमा सेवा उपलब्ध गराई सुशासनको प्रत्याभूति गर्ने ।

- स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला संस्थाहरुको भूमिका स्पष्ट गर्दै तिनीहरुलाई स्थानीय निकायहरु प्रति उत्तरदायी बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

- लैंगिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्वन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

४.२.३. **कार्यनीति त्रि–वर्षीय योजना (२०७०।७१–२०७२।७३) ले लिएका कार्यनीति यसप्रकार छ :**

- सङ्घीय संरचनामा राजनीतिक, वित्तीय, प्रशासनिक र न्यायिक अधिकार सम्पन्न, सक्षम तथा उत्तरदायी स्थानीय निकाय स्थापनाको लागि आवश्यक तयारी कार्य गरिने,
- सक्षम तथा प्रभावकारी सेवा प्रवाहलाई केन्द्र विन्दुमा राख्दै प्रशासनिक तथा वित्तीय दृष्टिले उपयुक्त हुने गरी संरचनागत व्यवस्था गरिने,
- स्थानीय निकायमा आवश्यक दक्ष एवं प्राविधिक जनशक्तिको व्यवस्था, कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि र कर्मचारी प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाईने,
- स्थानीय निकायलाई स्रोत, साधन र अधिकारको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिने,
- खर्चको विनियोजन र व्यवस्थापन कार्यमा स्थानीय प्राथमिकता, वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारितामा जोड दिई स्थानीय सुशासन प्रवर्द्धन गरिने,
- विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्युतीय शासन प्रणालीको स्थापना गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाइने,
- स्थानीय निकायहरूलाई सामाजिक परिचालनको माध्यमवाट उद्यमशिलता विकास गरी गरिबी न्यूनीकरणका नीति तथा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने,
- श्रममूलक, आधुनिक र वातावरण अनुकूल प्रविधिको उपयुक्त संयोजन गर्दै स्थानीय पूर्वाधार तथा सामाजिक आर्थिक विकासका कार्यहरू सञ्चालन गरिने,

- स्थानीय निकायमा भू-उपयोग नीति कार्यान्वयन गर्न प्रोत्साहन गरिने,
- भौगोलिक, सामाजिक एवं आर्थिक रूपमा पछाडि परेका र पारीएका विपन्न-वर्ग, क्षेत्र, जात, जाति, लिङ्ग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरी उपलब्ध स्रोत, साधन, र निर्णय प्रक्रियामा उनीहरूको पहुँच अभिवृद्धि गरिने,
- आर्थिक सामाजिक रूपले पछाडि रहेका, निश्चित उमेर समूहका, अपाङ्गताभएका नागरिक र लोपोन्मुख तथा सीमान्तीकृत समुदायलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गरिने,
- स्थानीय निकायहरूमा सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन लक्षित वर्गको अभिलेख तयार गरी बैंकिङ प्रणालीमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिने,
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेका गाँउ विकास समिति र नगरपालिकामा राष्ट्रियताको सम्वर्द्धनका लागि विकास निर्माणका विशेष कार्यक्रम सञ्चालन गरिने,
- विभिन्न निकायमा छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमहरू लगायत हालको सामाजिक सुरक्षा प्रणालीको पुनरवलोकन गरी एकीकृत दिगो र व्यवस्थित सामाजिक सुरक्षा प्रणाली विकास गरिने,
- स्थानीय निकाय, सेवा प्रदायक, सामुदायिक संस्था र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी विकास व्यवस्थापन, योजना प्रक्रिया र सेवा प्रवाहलाई प्रभावकारी बनाईने,
- स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला संस्थाहरूको भूमिका स्पष्ट गर्दै तिनीहरूलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाई समन्वयात्मक रूपमा कार्य सम्पादन गरिनेछ ।
- उपभोक्ता समिति, सहकारी, गैरसरकारी संस्था तथा निर्माण व्यवसायीको काम कारबाहीलाई पारदर्शी र जवाफदेही तुल्याउन आचारसंहिता लागू गरिने,
- स्थानीय निकायलाई सूचनाको प्रारम्भिक एवं प्रामाणिक स्रोतका रूपमा संस्थागत विकास गर्न व्यक्तिगत घटना एवं अभिलेख दर्ता र प्रमाणीकरण कार्यलाई प्रभावकारी बनाईने,
- सूचनामा आधारित स्थानीय योजना प्रक्रियालाई व्यवस्थित गर्न स्थानीय निकायको सहभागितामूलक योजना पद्धतिमा सबै विकास प्रदायक निकायहरू सहभागी हुने व्यवस्था कायम गरिने,
- स्थानीय निकायबाट क्षेत्रगत र समष्टिगत सूचना एकीकरण र विश्लेषण गरी सूचना समन्वयलाई प्रभावकारी बनाइने,
- विकासका साझेदारहरूले जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन गर्दा सबै गाउँ विकास समितिलाई छनौट गरी लक्षित समुदायमा कार्यक्रम पुऱ्याउने व्यवस्था मिलाईने,
- वातावरण मैत्री स्थानीय शासनको खाका तयार गरी कार्यान्वयनमा ल्याउनुका साथै स्थानीय स्रोतको परिचालन गर्दा वातावरण मैत्री उपायहरू अवलम्बन गरिने,
- ग्रामीण तथा शहरी क्षेत्रको सरसफाई र फोहोरमैला व्यवस्थापनमा प्रत्येक घर, परिवारको सहभागिता प्रवर्द्धन गर्दै निजी तथा सामुदायिक क्षेत्रको सहभागिता अभिवृद्धि गरिने ।

४.३. **बजेट बक्तव्य :** २०७२।७३ को बजेट वक्तव्यमा उल्लेख भएका प्रमुख व्यवस्था निम्नानुसार रहेका छन ।

- निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत माननीय सांसदहरु सम्मिलित संयन्त्रले छनौट गरेका जिल्ला परिषदले स्वीकृत गरेका पूर्वाधार आयोजनाहरु जनसहभागिताको आधारमा कार्यान्वयन गर्न प्रत्येक निर्वाचन क्षेत्रका लागि रु. १ करोड ५० लाख पुऱ्याउने,
- निर्वाचन क्षेत्र विकासका लागि सबै माननीय सांसदहरुलाई रु. २० लाख पुऱ्याउने,
- आयोजना कार्यान्वयन गर्ने र फरफारक गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला विकास समतिको हुने,
- खर्चको सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने ।

५. **वित्तिय व्यवस्था :**

५.१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२१ अनुसार जिल्ला बिकास समितिको एउटा कोष रहने र सो कोषमा देहाय अनुसारका रकमहरु जम्मा हुने व्यवस्था छ :-

- नेपाल सरकारबाट प्राप्त हुने रकम ।
- कर, दस्तुर, महसूल तथा शुल्कबाट प्राप्त रकम,
- गाउं विकास समिति र नगरपालिकाबाट उठाइएको मालपोतको २५ प्रतिशत रकम,
- जिल्ला विकास समितिको चल, अचल सम्पत्ति वा अन्य वस्तुको बिक्री, बहाल, भाडा एवं व्याजबाट उठेको रकम,
- कुनै व्यक्ति वा संस्थाबाट प्राप्त उपहार, चन्दा, अनुदान वा सहायताको रकम,
- विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
- राजस्व बाँडफाँडबाट प्राप्त रकम तथा दण्ड जरिवानाबाट उठेको रकम,
- जिल्ला विकास समितिले सञ्चालन गरेका आयमुलक कार्यक्रमबाट प्राप्त रकम,
- जिल्ला विकास समितिले बैंक वा अन्य कुनै संघ संस्थाबाट लिएको ऋण सापटी रकम,
- अन्य श्रोतबाट प्राप्त रकम ।

उपरोक्त स्रोतहरुको साथसाथै निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु. २० लाख र निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रमको रु. १ करोड ५० लाख समेत जिल्ला विकास समितिको एउटा कोषमा जम्मा हुनेछ ।

५.२. निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अन्तरगतको विगत दुई वर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ :-

(रु.हजारमा)

| २०७१।७२ | | २०७२।७३ | |
|---|---|---|---|
| **बजेट** | **खर्च** | **बजेट** | **खर्च** |
| ३२९७७०० | ३११३८५७ | ५४०३००० | ४६०९६०६ |

६. **कार्य सञ्चालन स्थिति** : स्थानीय स्वायत्त शासन पद्धतिको विकासको निम्ति गठित जिल्ला विकास समितिहरुले आ–आफ्नो आन्तरिक स्रोत, केन्द्रबाट प्राप्त अनुदान, विभिन्न दातृ राष्ट्र एवं संघ संस्थाबाट सोझै प्राप्त अनुदान तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अन्तरगत प्राप्त हुने रकम समेत प्राप्त गरीरहेका छन् । यसरी प्राप्त अनुदान तथा आन्तरिक आयबाट जिल्ला विकास समितिहरुले समभागितामुलक प्रकृयाबाट योजना तर्जुमा गरी कार्यान्वयन गरीरहेका छन् । योजना कार्यान्वयनको क्रममा जनसहभागिता समेत जुटाई ग्रामीण सडक निर्माण, ग्रामीण खानेपानी तथा सरसफाई आयोजना, कृषि तथा स्थानीयस्तरका सडक निर्माण, झोलुङ्गे पुल निर्माण, विद्यालय भवन निर्माण, ग्रामीण विद्युतीकरण आदि कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । साथै समिति मार्फत सामाजिक परिचालन, क्षमता अभिवृद्धि, नागरिक समुदाय, दलित, विपन्न वर्ग, महिला सहभागिता, सशक्तिकरण र मूलप्रवाहीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन भएका छन् । साथै निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ र निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ बमोजिमका कार्यक्रमहरु पनि सम्पुर्ण जिल्ला विकास समितिहरुले सञ्चालन गरिरहेका छन् ।

७. **खण्डगत सञ्चालन ढाँचा** : जिल्ला विकास समितिहरुको योजना तर्जुमा, सञ्चालन, व्यवस्थापन तथा अनुगमन मूल्याङ्कनका सन्दर्भमा आन्तरिक तथा बाह्य वातावरणीय पक्ष, योजना सञ्चालन प्रक्रिया, स्रोत व्यवस्थापन प्रक्रिया, क्षेत्र, मुख्य उत्पादन सेवा तथा लाभग्राही समूहका सम्बन्धमा खण्डगत सञ्चालन ढाँचा (अनुसूची–१) अनुसार तयार गरिएको छ ।

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

८. **लेखापरीक्षणको उद्देश्य :** निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमको दक्षता तथा प्रभावकारीता पक्षको मूल्याङ्कन गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । यसका साथै अन्य सहायक उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका योजना तर्जुमा, छनौट प्रकृयाको मुल्यांकन गर्ने,
- छनौट भएका योजना संचालनको दक्षता एवं प्रभावकारीता सुनिश्चत गर्ने,
- संचालित योजनाबाट प्राप्त उपलब्धीको मुल्यांकन एवं विश्लेषण गर्ने ।

९. **लेखापरीक्षणको क्षेत्र एवं पद्धति :**

९.१. लेखापरीक्षण मुख्य रुपले जिल्ला विकास समितिको कार्यालय, रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गाको कार्यसम्पादनसँग सम्बन्धित रहेको छ । साथै अन्य जिल्ला विकास समितिहरुबाट समेत फारम भराई सुचना संकलन गरी विश्लेषण गरिएको छ । यस क्रममा जिल्ला विकास समितिबाट सञ्चालन हुने प्रमुख क्रियाकलाप तथा मूल्याङ्कनका लागि निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका आयोजना तथा कार्यक्रम परिचालन एवं कार्यान्वयनलाई आधार लिइएको छ । समग्ररुपमा जिल्ला विकास समितिहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न अनुगमन मूल्याङ्कन प्रणाली, लक्षित समुहमा बजेट परिचालन एवं खर्च प्रणाली, अनुदानको उपयोग, निर्देशिका, कार्यविधिको अनुपालना, लेखापालन, लेखापरीक्षण, आन्तरिक नियन्त्रण लगायतका क्रियाकलापहरुलाई समेटिएको छ ।

लेखापरीक्षणको प्रयोजनको लागि विगत ३ वर्षमा सञ्चालित क्रियाकलापमा केन्द्रीत रही मूल्याङ्कन, विश्लेषण गरिएको छ । रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गा जिल्लाको प्रत्येक निर्वाचन क्षेत्रको निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अर्न्तगतका २ आयोजनाहरुको स्थलगत निरीक्षण, अवलोकन, मूल्याङ्कनका लागि न्यायोचित नमूना छनौट विधि (Judgmental Selection Method) को आधारमा छनौट गरिएको छ ।

९.२. लेखापरीक्षणको क्रममा देहायको विधि अवलम्बन गरीएको छ :

९.२.१. कार्यमूलक लेखापरीक्षण कार्य प्रवेश बैठकबाट शुरु गरी नीतिगत, कानुनी व्यवस्था, सञ्चालन सम्बन्धी प्रक्रिया, बार्षिक प्रगति प्रतिवेदन, अभिलेख र कागजात परीक्षण,

९.२.२. विवरण सङ्कलन, प्रश्नावली, अन्तरवार्ता र सरोकारवालासंग छलफल तथा भौतिक निरीक्षण जस्ता लेखापरीक्षण विधिको अवलम्बनबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी मूल्याङ्कन र विश्लेषण,

९.२.३. नीति, ऐन, नियम निर्देशिका, कार्यविधिको कार्यान्वयन एवं कार्यक्रमको उपलब्धी मूल्याङ्कन गर्न प्रक्रियामूलक तथा नतीजामुलक पद्धतिको अवलम्बन,

९.२.४. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अर्न्तगत सञ्चालित कार्यक्रमको अध्ययन मूल्याङ्कन गर्न रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गा जिल्लाहरुको प्रत्येक निर्वाचन क्षेत्रबाट २/२ आयोजनाहरुको स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरु सँग सामुहिक छलफल (Focus group discussion) गरीएको छ । छलफलमा सम्बन्धित आयोजनाको सरोकारवालाहरुलाई सहभागी गराईएको,

९.२.५. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अर्न्तगत सञ्चालित कार्यक्रमहरुको बारेमा अन्य सम्पुर्ण जिल्ला विकास समितिहरुबाट फारम भराई तथ्यांक लिइएको,

९.२.६. स्थलगत भ्रमणको क्रममा उल्लेखित ७ जिल्लाको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अर्न्तगत सञ्चालित आयोजनाहरुको ३४० सरोकारवालाहरु सँग योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा अन्तरवार्ता लिइएको ।

सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क, फाराम, टिप्पणी र सुझाउ समेतको विश्लेषण गरी प्रतिवेदन तयार गरीएको छ ।

१०. **सीमा :** लेखापरीक्षण निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अर्न्तगतको कार्यक्रम संचालन सम्बन्धमा जिल्ला विकास समितिको कार्यसम्पादनमा केन्द्रित छ । यस क्रममा जिल्ला विकास समितिको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अर्न्तगतका आयोजनाहरु सम्बन्धी अभिलेख तथा सूचनाहरुलाई प्रयोग गरिएको छ । जिल्ला विकास समितिले उपलब्ध गराएको विवरणलाई मूल्याङ्कन विश्लेषणको आधार बनाइएको छ । परीक्षण मूल्याङ्कनका क्रममा जिल्ला विकास समितिबाट प्राप्त सूचना तथा विवरण, सरोकारवालासंगको छलफल र अन्तरवार्ताबाट प्राप्त नतिजाका आधारमा प्रतिवेदन तयार गरिएको छ । परीक्षणको क्रममा सम्बन्धित निकायबाट प्राप्त गरेका सूचनाको अपर्याप्तता, कमजोर अभिलेख प्रणाली, सम्पुर्ण जिल्ला विकास समितिबाट सुचना लिइएकोले सुचनामा एकरुपताको अभाव, लेखापरीक्षकको विश्लेषण क्षमता, समयसीमा आदि सीमितता रहेका छन् ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

- **सकारात्मक पक्ष** – योजना छनौट एवं कार्यान्वयनमा सेवाग्राही नागरिकको चेतना र संलग्नता बढ्दै गएको, सेवा सुविधाको पहुंच सरल हुँदै गएको, स्थानीय आवश्यकताको पहिचान, योजना छनौट, कार्यान्वयन, समन्वय र अनुगमन प्रक्रियामा महिला, दलित र पिछडा वर्गको सहभागिता र समावेशीकरणमा वृद्धि हुँदै गएको, लक्षित समूह विकास कार्यक्रम सञ्चालनले सामाजिक चेतना बढ्दै गएको, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यहरुले स्थानीय निकायको उत्तरदायित्व र पारदर्शितामा अभिवृद्धि हुँदै गएको छ । केन्द्रीय निकाय र जिल्ला स्तरबाट गर्ने अनुगमन र न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको आधारमा थप अनुदान समेत प्राप्त गर्ने हुंदा स्थानीय निकायहरु कार्यसम्पादनमा बढी सक्षम, पारदर्शी र उत्तरदायी हुन उत्साही हुँदै गएका छन् ।

- **समस्या तथा चुनौती** – न्यून रकमका योजनाहरुको संख्या धेरै हुनु, राजनैतिक आस्थाका आधारमा योजना छनौट हुनु, योजना सञ्चालनमा सांसद सँग सम्बन्धित राजनैतिक दलका कार्यकर्ता मात्र संलग्न हुनु, योजनाहरु अधुरो रहनु, सम्पन्न योजना हस्तान्तरण नहुनु, पर्याप्त मात्रामा योजना अनुगमन तथा मुल्यांकन नहुनु, जनसहभागीता नजुट्नु जस्ता निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालनका प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

- **सुधारका क्षेत्रहरु –** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत योजना छनौट तथा कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्ने उद्देश्यले रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गाको विस्तृत रुपमा र अन्य जिल्ला विकास समितिहरुबाट प्रश्नावली तथा फारम भराई गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहाय बमोजिम छन्:

**(क) आयोजना छनौट :**

११. प्राप्त विवरणका आधारमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट २०७१।७२ मा सिन्धुली, सल्यान लगायत ३१ जिल्लाले रु. ८२ करोडको ८१० आयोजना र २०७२।७३ मा सिन्धुली, जाजरकोट लगायत ३६ जिल्लाले रु. १ अर्ब ५० करोडका १४२३ आयोजना छनौट गरिएकोमा निम्न व्यहोरा देखिएको छ ।

११.१. **सम्भाव्यता अध्ययन नभएको** : स्थानीय स्वयात्त शासन ऐन, २०५५ को दफा २०० मा जिल्ला विकास समितिले जिल्ला विकास योजना कार्यान्वयन गर्न आयोजनाको सम्भाव्यता अध्ययन गराउनुपर्ने व्यवस्था छ । छनौट गरिएका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिएको छैन । आयोजनाको लक्ष्य एवं उद्देश्य पूरा हुने

गरी आयोजना छनौट नभई बजेटको आधारमा छनौट हुने र आयोजना संख्या धेरै भएको कारणले सम्भाव्यता अध्ययन नभएको देखिन्छ । आयोजनाको सम्भाव्यता अध्ययन नहुँदा आयोजनाको उद्देश्य, लाभग्राहीको संख्या, सम्पन्न गर्न लाग्ने समय र लागत, लागत जुटाउने स्रोत, सम्पन्न हुने सुनिश्चितता र सम्पन्न भएपछि सञ्चालनको व्यवस्था स्पष्ट हुन सक्दैन । आयोजना छनौट गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा छनौट गरी कार्यदक्षता अभिबृद्धि हुनुपर्दछ ।

११.२. **आयोजना छनौटको आधार :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ५ (७) मा छनौट गरिने आयोजना स्थानीय निकायको परिषदबाट स्वीकृत भई बजेट अभावका कारण कार्यान्वयन हुन नसकेको, जोखिममा परेको तर पुनः निर्माणको लागि बजेट नभएको, केन्द्रमा समावेश हुन नसेकेको र विषयगत कार्यालयहरु द्वारा सञ्चालित अधुरा आयोजनाहरु छनौट गर्नुपर्ने व्यवस्था छ । निर्वाचन क्षेत्र विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समितिले आयोजना छनौट गर्दा उक्त आधारमा रहेर आयोजना छनौट गर्ने नगरेको र आयोजना छनौट गरिएको आधार स्पष्ट गर्ने गरेको छैन । तोकिएको आधारहरुको पहिचान नगरिएको कारणले मापदण्ड बेगर आयोजना छनौट हुने गरेको छ । यसरी छनौट गरिएका आयोजनाहरुबाट आयोजनाको उद्देश्य पुरा नहुने हुँदा तोकिएका आधारहरुको पहिचान गरेर नियमावलीले व्यवस्था गरे अनुरुप आयोजना छनौट हुनुपर्दछ ।

११.३. **आयोजनाको प्राथमिकिकरण :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ५(८) मा आयोजना छनौट गर्दा आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी, श्रममा आधारित, रोजगारी सिर्जना गर्ने, बढी जनसहभागीता हुने, विपदबाट क्षति भएको वा हुन सक्ने, सम्बन्धित निर्वाचन क्षेत्र भित्रका नगरपालीका वा गाउँ विकास समितिहरुले जिल्ला स्तरको पूर्वाधारका आयोजना भनी सम्बन्धित परिषदबाट स्वीकृत भएको तर जिल्ला विकास समितिको बार्षिक जिल्ला विकास योजनामा नपरेका र अधुरा रहेका आयोजनाहरु सम्पन्न हुनुपर्ने कार्यलाई पहिलो प्राथमिकता दिई छनौट गर्नुपर्ने व्यवस्था छ । प्राथमिकताको वर्गिकरण गरी सो बमोजिम आयोजना छनौट गरिएको छैन । तोकिए बमोजिम आयोजनाको प्राथमिकता पहिचान गरेर वर्गिकरण नगरिएको कारण प्राथमिकता प्राप्त आयोजना छनौट भएको सुनिश्चित नहुने देखिन्छ । प्राथमिकता प्राप्त आयोजनाहरु छनौट नहुँदा गरिएको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त नहुन सक्दछ । कार्यविधिले निर्धारण गरे अनुसारका प्राथमिकताको आधारमा वर्गिकरण गरी आयोजनाहरु छनौट हुनुपर्दछ ।

१२. **बढी संख्यामा आयोजना छनौट :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट आ.ब. २०७२।७३ मा बढीमा १५ वटा, आ.ब. २०७१।७२ मा बढीमा १० वटा र निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट आ.ब. २०७०।७१ मा ७ वटा र आ.ब. २०७१।७२ र २०७२।७३ मा बढीमा १२ वटा सम्म आयोजना छनौट गर्न सकिने व्यवस्था छ । तोकिएको सीमा भन्दा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फ आर्थिक बर्ष २०७२।७३ मा सिन्धुली, मुस्ताङ्ग लगायत १५ जिल्लामा ९०, २०७१।७२ मा हुम्ला, मुस्ताङ्ग लगायत ९ जिल्लामा ५६ र निर्वाचन क्षेत्र विकास कार्यक्रममा आर्थिक बर्ष २०७२।७३ मा हुम्ला बाजुरा लगायत ११ जिल्लामा १२०, २०७१।७२ मा नुवाकोट, हुम्ला, सल्यान र जुम्लामा ५२ र २०७०।७१ मा नुवाकोट, तनहुँ लगायत ६ जिल्लामा १५७ समेत ४७५ बढी आयोजना छनौट गरेको देखियो । नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले तोकिएको सीमा भन्दा बढी आयोजना छनौट गरेको देखिन्छ । धेरै आयोजना छनौट हुँदा आयोजनामा विनियोजन हुने बजेट न्यून हुने भएकोले आयोजना कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । नियमले तोकेको सीमा भित्र रहेर आयोजना छनौट गर्नुपर्दछ ।

१३. **कम लागतका आयोजना :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फ रु. ७ लाख भन्दा कम लागत अनुमान भएको र निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ रु. ५० हजार सम्म लागत अनुमान भएका आयोजना तथा कार्यक्रम छनौट गर्न नसकिने व्यवस्था छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फ २०७२।७३ मा नुवाकोट, दाङ्ग लगायत १० जिल्लामा रु. ४ करोड ८० लाखको १७१ आयोजना र २०७१।७२ मा दाङ्ग, डोटी र धादिङ्गमा रु. ९४ लाखको २५ आयोजना रु. ७ लाख भन्दा कम लागतको र निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ २०७०।७१ मा पर्वत, नुवाकोट लगायत ९ जिल्लामा ६९ लाखको १५७ आयोजना, २०७१।७२ मा गुल्मी, कञ्चनपुर लगायत ७ जिल्लामा रु. ४६ लाखको ९३ आयोजना र २०७२।७३ मा सिरहा, कपिलवस्तु लगायत ७ जिल्लामा रु. २७ लाखको ५५ आयोजना रु. ५० हजार भन्दा बढी लागत नभएको

आयोजना छनौट भएको छ । कम लागतका आयोजनावाट उद्देश्य अनुसारको प्रतिफल प्राप्त नहुन सक्दछ । नियमावलीमा भएको व्यवस्था अनुसार तोकिएको सीमा भन्दा बढी लागतका आयोजना छनौट हुनुपर्दछ ।

१४. **गैर सरकारी संस्था तथा भगिनी संगठन :** आयोजना छनौट गर्दा गैर सरकारी संस्था तथा राजनैतिक दल वा तिनका भगिनी संगठन सँग सम्बन्धित पूर्वाधार आयोजना छनौट गर्न नमिल्ने व्यवस्था छ । रामेछाप, दाङ्ग लगायत ११ जिल्लामा रु. ५ करोड ३५ लाखका १२६ आयोजनाहरु गैर सरकारी संस्था तथा राजनैतिक दलसँग सम्बन्धित आयोजना छनौट गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले राजनैतिक दल वा तिनका भगिनी संगठन सँग सम्बन्धित पूर्वाधार आयोजनाहरु छनौट भएको देखिन्छ । नियमावलीमा भएको व्यवस्था अनुसार गैर सरकारी संस्था र राजनैतिक दलसँग सम्बन्धित आयोजना छनौट कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५. **आयोजनाको उद्देश्य :** आयोजना छनौट गर्दा एक बर्ष भित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । छनौट भएका अधिकांश आयोजनाहरु एक बर्ष भित्र सम्पन्न हुने नभई क्रमागत रुपमा सञ्चालन हुने आयोजनाहरु छनौट भई खर्च भएको रकम बराबरको कार्य सम्पन्न भएको देखिन्छ । धेरै आयोजनाहरुमा रकम विनियोजन हुने गरेको कारणले आयोजनाको उद्देश्य पुरा हुने गरी छनौट भएको छैन । आयोजनाको सम्पुर्ण कार्य सम्पन्न गर्नुपर्ने गरी छनौट नगर्दा तत्काल आयोजना सञ्चालनमा नआउने र लाभग्राहीहरुले सेवा प्राप्त गर्न नसक्ने देखिन्छ । आयोजनाको सम्पुर्ण क्रियाकलापहरु तोकिएको समयमा सम्पन्न हुने र कार्य सम्पन्न भएपछि लाभग्राहीहरुले पूर्ण लाभ प्राप्त हुने आयोजना छनौट हुनुपर्दछ ।

**(ख) आयोजना कार्यान्वयन स्थिति :**

१६. **लागत लाभको विश्लेषण :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट छनौट भई कार्यान्वयन भएका आयोजनाहरुको कुल लागत र त्यसबाट प्राप्त हुने लाभको विश्लेषण गरेर आयोजना छनौट एवं कार्यान्वयन गरेको देखिएन । लागत लाभको विश्लेषण नगरी कार्यान्वयन गरिएका आयोजनाबाट आयोजना मितव्ययी भए नभएको र प्राप्त लाभ प्रभावकारी रहे नरहेको मूल्यांकन एवं विश्लेषण गर्न सकिएन । आयोजनाको कार्यान्वयन गर्दा लागत लाभको विश्लेषण गरेर कम लागतमा बढी लाभ लिन सकिने आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७. **जनसहभागिता :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ३(६) (ग) मा कम्तीमा २० प्रतिशत जनसहभागीता हुनुपर्ने व्यवस्था छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत सञ्चालित कार्यक्रममा नुवाकोट, पर्वत लगायत ६ जिल्लामा सम्पन्न भएका रु. ३ करोड ८ लाखको २५७ योजनामा जनसहभागीता शुन्य रहेको र नवलपरासी, रामेछाप लगायत १३ जिल्लामा रु. १७ करोड ३६ लाखका कार्यसम्पन्न भएको ११०० योजनामा जनसहभागीता २० प्रतिशत भन्दा कम भएको देखियो । नियमावलीमा भएको व्यवस्थाको कार्यान्वयन नगरेको कारणले तोकिए अनुसारको जनसहभागीता नरहेको देखिन्छ । जनसहभागीता न्यून हुँदा सरकारको लगानी बढी हुने, खर्चमा मितव्ययीता नहुने तथा स्थानीय सरोकारवालाहरुले अपनत्व नलिने अवस्था रहन्छ । तोकिए बमोजिमको जनसहभागीता जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१८. **आयोजना कार्यान्वयन :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावलीमा चालु आर्थिक बर्षको पहिलो चौमासिक भित्र समितिले आयोजना छनौट गरी जिल्ला विकास समितिको कार्यालयमा पेश गरिसक्नु पर्ने र आयोजना स्वीकृत गरी पेश गर्दा आयोजना सञ्चालन गर्ने निकाय, सम्पन्न गर्न लाग्ने समय र आयोजना सञ्चालन गर्ने तरिका समेत खुलाउनु पर्ने व्यवस्था छ । प्रथम चौमासिक भित्र आयोजना छनौट नगरिएको र समितिबाट स्वीकृत आयोजनाहरुको सञ्चालन गर्ने निकाय, सम्पन्न गर्न लाग्ने समय र आयोजना सञ्चालन गर्ने तरिका खुलाईएको छैन । प्रथम चौमासिक भित्र पेश गरिसक्नु पर्ने व्यवस्थालाई २०७०।७१ को लागि २०७१ जेष्ठ भित्र, २०७१।७२ को लागि २०७१ पौष मसान्त भित्र र २०७२।७३ को लागि २०७२ फाल्गुण भित्र पेश गर्ने गरी प्रत्येक बर्ष संसोधन गर्दै आएकोले आयोजना छनौट कार्य समयमा नभएको र छनौट भएका अधिकांश आयोजना तेस्रो चौमासिकमा कार्यान्वयन भएकोले आयोजना छनौट एवं कार्यान्वयन गर्ने कार्यमा कार्यदक्षता देखिएन ।

१९.	**श्रोतको सुनिश्चितता :** आयोजनाको लागत अनुमान तयार गर्दा विस्तृत सर्भेक्षण गरी आयोजनाको उद्देश्य अनुसार कार्यसम्पन्न गर्न लाग्ने कूल लागत अनुमान तयार गरेर कार्य सम्पन्न गर्नु पर्दछ । आयोजनाको लागत अनुमान तयार गरी सम्पन्न गर्न आवश्यक बजेटको स्रोतको सुनिश्चितता नभई तत्कालको बजेट अनुसारको लागत अनुमान तयार गर्ने र सोही अनुसार कार्य सम्पन्न गर्ने गरेको छ । आयोजनाको स्थलगत अवलोकन र सरोकारवालाहरु सँग भएको छलफल बमोजिम स्रोतको सुनिश्चितता नभएको कारण आयोजनाको उद्देश्य अनुसार कार्य सम्पन्न नभएको उदाहरण निम्नानुसार छन् :

१९.१. सिन्धुली निर्वाचन क्षेत्र नम्बर - ३ अर्न्तगत हरीहरपुर-गढी-जितपुरगढी सडकको लागि आर्थिक बर्ष २०७१।७२ मा रु. ३ लाख ७६ हजार लागत अनुमान तयार गरी रु. ३ लाख ७२ हजारको कार्य सम्पन्न गरेकोमा आर्थिक बर्ष २०७२।७३ मा रु. ८ लाख ६३ हजारको लागत अनुमान तयार गरी रु. ७ लाख ८१ हजारको कार्यसम्पन्न गरेको छ । आयोजनाको कार्यमा माटो काट्ने कार्य मात्र भएको र यातायात सञ्चालन हुने गरी कार्य सम्पन्न नभएकोले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने गरी आयोजना सञ्चालन भएको छैन ।

१९.२. सिन्धुली निर्वाचन क्षेत्र नम्बर - ३ अर्न्तगत कपिलाकोट गा.वि.स. (सिन्धुली) मा २ कोठे महिला सञ्जाल भवन निर्माणको लागि आर्थिक बर्ष २०७२।७३ मा रु. ३ लाख ८७ हजारको लागत अनुमान तयार गरी रु. ३ लाख ५१ हजारको कार्यसम्पन्न गरेको छ । पूर्ण रुपमा भवन निर्माण कार्य सम्पन्न नभई पिलर उठाउने, वाल लगाउने र ढलान गर्ने कार्य मात्र भई अन्य कार्य बाँकी रहेकोले भवन उपयोगमा आउन सकेको छैन ।


बजेट अभावको कारण अधुरो रहेको भवन

१९.३. सिन्धुली निर्वाचन क्षेत्र नम्बर - ३ अर्न्तगत किरायाखोर भञ्ज्याङ्ग-रानीछाँगा-सिरुवारी सडकको लागि आर्थिक बर्ष २०७१।७२ मा रु. २ लाख ५० हजारको लागत अनुमान तयार गरी रु. २ लाख १९ हजारको कार्य सम्पन्न गरेकोमा आर्थिक बर्ष २०७२।७३ मा रु. १२ लाख ३७ हजारको लागत अनुमान तयार गरी सोही रकमको कार्य सम्पन्न गरेको छ । आयोजनामा माटो काट्ने कार्य मात्र भएको र आयोजनाको अन्तिम स्थान सम्म माटो काट्ने कार्य समेत सम्पन्न नभएकोले यातायात सञ्चालन हुने गरी कार्य सम्पन्न भएको छैन ।


विच भागमा चिरा परेको सडक

१९.४. सिन्धुली क्षेत्र नम्बर - २ अर्न्तगत ग्वालटार-सुदामे-रानीखोला-तिनकन्या सडकको लागि आर्थिक बर्ष २०७२।७३ मा रु. ८ लाख ६७ हजारको लागत अनुमान बमोजिम रु. ८ लाख ६७ हजारको कार्यसम्पन्न भएकोमा माटो काट्ने कार्य मात्र भएकोमा आयोजनाको अन्तिम स्थान सम्म उक्त कार्य समेत भएको छैन र कार्य भएको स्थानमा समेत सडक विग्रीएको अवस्थामा रहेकोले यातायात सञ्चालन हुने गरी आयोजनाको कार्य भएको छैन ।

१९.५. सिन्धुली क्षेत्र नम्बर - २ अर्न्तगत हैवार गाउँ -कालढुङ्गा-देउराली सडकको लागि रु. १२ लाख ३६ हजारको लागत अनुमान बमोजिमको कार्य रु. १२ लाख १७ हजारमा सम्पन्न भएकोमा गत विगत बर्ष देखि निर्माण भईरहेको सडकको केही स्थानमा कार्य भएकोमा यातायात सहज रुपमा सञ्चालन हुने गरी सडकको कार्य भएको देखिँदैन ।

१९.६. सिन्धुली क्षेत्र नम्बर - १ अर्न्तगत हाटबजार टहरा निर्माण, दुधौलीको लागि आर्थिक बर्ष २०७२।७३ मा रु. ११ लाख १० हजारको लागत अनुमान बमोजिम रु. ११ लाख ७ हजारमा कार्य सम्पन्न भएकोमा ३ वटा व्लक निर्माण भएको, नगरपालिकाबाट अलग लागत अनुमान बमोजिम एक व्लक निर्माण भएकोमा छाना लगाउन बाँकी रहेको, मैदान


अधुरो अवस्थामा रहेको व्लक

सम्याउने, अन्य व्लकहरु, गेट, शौचालय, पानी ट्याङ्की, बधशाला, भण्डारण केन्द्र जस्ता निर्माण कार्यहरु नभएको र हाटबजार सञ्चालनको गुरुयोजना समेत नवनेकोले हाटबजार सञ्चालनमा आएको छैन । चालु आर्थिक बर्ष २०७३।७४ मा समेत बजेट विनियोजन नभएकोले आयोजना अधुरो रहिरहने अवस्था देखिन्छ ।

१९.७. सिन्धुली क्षेत्र नम्बर - १ अर्न्तगत खोर भञ्ज्याङ्ग-धामी खाडी-ठाकुरटोल सडकको लागि आर्थिक बर्ष २०७२।७३ मा रु. १० लाख ५४ हजार लागत अनुमान बमोजिम रु. १० लाख ५३ हजारको कार्य सम्पन्न भएकोमा आयोजनाको अन्तिम स्थान सम्म कार्य नभएको, सडकको दाँया बाँया कृषकले बाली लगाएको, केही स्थानमा पहिरो थुप्रिरहेको, खोल्सामा कल्भर्ट निर्माणको कार्य अधुरो रहेकोले यातायात सञ्चालन हुने गरी आयोजनाको कार्य सम्पन्न भएको छैन ।


अधुरो अवस्थामा रहेको कल्भर्ट

१९.८. रामेछाप क्षेत्र नम्बर - १ अर्न्तगत फर्पु ३ पुरानागाउँ-वडा नम्बर ४- देवालीथान- सहकारी जोड्ने सडकको ट्र्याक खोल्ने कार्यमा रु. १२ लाख ८१ हजार खर्च भएकोमा सडक मर्मत कार्य मात्र भएको देखियो । कागजातमा एउटै देखाएकोमा यथार्थमा फरक फरक स्थानमा २ सडक योजना सञ्चालन गरेको पाईयो ।

१९.९. रामेछाप क्षेत्र नम्वर - १ अर्न्तगत भैरवी निमावी मुनी किरावोटे भ्याकुरे खोला दोभान सडक ट्र्याक खोल्ने कार्य रु. ६ लाख ८९ हजार खर्च भएकोमा यातायात सञ्चालन हुने गरी कार्य सम्पन्न भएको छैन ।

१९.१०. रामेछाप क्षेत्र नम्बर - २ अर्न्तगत बुद्धिष्ट समाज भवन निर्माणमा रु. १९ लाख ७० हजार खर्च भएकोमा भवन प्रयोगमा आउने गरी कार्य सम्पन्न नभएको, निर्माण पूरा नहुँदै चर्केको र भत्केको अवस्थामा रहेको पाईयो । आयोजनाको उद्देश्य पूरा हुने गरी कार्य सम्पन्न नभएकोले खर्चको उपलव्धी देखिएन ।


प्रयोगमा नआएको र चर्केको र भत्केको अवस्थामा रहेको बुद्धिष्ट समाज भवन

१९.११. रामेछाप क्षेत्र नम्बर - २ अर्न्तगत कल्चौड वावुराम स्मृती प्रा.वि. थाल्के फलाटे सडक निर्माणमा रु. ६ लाख ८९ हजार खर्च भएकोमा सरोकारवालाहरुसँग छलफल हुँदा सार्वजनिक परीक्षण नभएको जानकारी प्राप्त भएकोले खर्चको पारदर्शीताको लागि सार्वजनिक परीक्षण हुनुपर्दछ ।

१९.१२. रामेछाप क्षेत्र नम्बर - २ अर्न्तगत खैरेनीटार सुनकोशी अस्थायी कल्भर्ट निर्माणको लागि आर्थिक बर्ष २०७२।७३ मा रु. ११ लाख ५९ हजार को लागत अनुमान तयार गरी रु. ११ लाख ५५ हजारमा कार्यसम्पन्न गरेको छ । करिव १ किलोमिटर नजिकमा स्थायी पूल निर्माणको प्रकृया शूरु भएकोले उक्त अस्थायी पूल भत्काईएकोले दिगोपना हुने गरी आयोजनामा लगानी भएको पाईएन ।

१९.१३. धादिङ्ग जिल्लामा उपभोक्ता समितिवाट भएका कार्य मध्ये सडक निर्माणको स्थलगत निरीक्षण र उपभोक्ता समितिसँग छलफल गर्दा सडक निर्माणमा डोजर, एक्जाभेटर प्रयोग गरेको, स्थानीय श्रमदानको लागि कार्य गर्न सक्ने स्थानीय जनशक्तिको अभाव रहेको, उपभोक्ताको योगदानको समेत मुल्य अभिबृद्धि कर विजक लिनुपर्ने, वीजक खरीद गर्नुपर्ने र मुल्य अभिबृद्धि कर तिर्नुपर्ने अवस्था रहेको जानकारी प्राप्त भएको छ । श्रमदानको प्रयोगवाट आय आर्जन होस भन्ने नीति भएकोमा श्रमदानको सट्टा उपभोक्ताले व्यहोरेको रकम नै व्यवसायी कहाँ पुगेको अवस्थावाट आयोजना कार्यान्वयनमा कार्यदक्षता देखिदैन ।

१९.१४. धादिङ्ग क्षेत्र नम्बर - २ अर्न्तगत आ.ब. २०७२।७३ मा काफछाप तास खर्क खण्डको रु. ९ लाख २८ हजार लागत अनुमान बमोजिम दुई खण्डको ८ लाख ४६ हजारमा कार्यसम्पन्न भएकोमा स्थानीय सँग छलफल तथा स्थलगत निरीक्षणको क्रममा नगरपालिकाबाट समेत सो सडक निर्माणमा खर्च भएको पाईयो । नगरपालिकाले गरेको सडक निर्माण कार्यबाट स्थानियलाई सुविधा नपुगेको र दुईवटा ट्र्याक खोल्नुपर्ने अवस्था रहेको स्थानीयको भनाई छ । उक्त सडक खण्ड डोजर प्रयोग गरी निर्माण भएको, स्थलगत निरीक्षण गर्दा सडकमा पहिरो गई स्थानियले मानिस आवत जावत गर्न वाटो वनाउँदै गरेको र उक्त पहिरो गएको

स्थानवाट लडेर एकजना स्थानीयको मृत्यु भएको जानकारी प्राप्त भयो । जनसहभागितावाट सडक निर्माण कार्य गराउँदा सम्भाव्यता अध्ययन तथा प्राविधिकको रेखदेख विना कार्य भएको कारण मानविय क्षति हुनुको साथै सडक समेत संचालन नरहेको पाईयो ।

१९.१५. धादिङ्ग जिल्लामा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फ ५५ योजना मध्ये २६ वटा सडक निर्माण योजनामा रु. २ करोड २१ लाख बजेट विनियोजन गरी रु. २ करोड ५२ लाख ८३ हजारको मुल्यांकनमा जि.वि.स.ले रु. २ करोड १ लाख १४ हजार खर्च गरेको र उपभोक्ता समितिवाट गराईएको निर्माण कार्यमा डोजर प्रयोग गरेको अवस्था छ । त्यस्तै निर्वाचन क्षेत्र कार्यक्रम अर्न्तगत एक समानुपातिकका सांसदले रु. २० लाख बजेटमा २ बहुउद्देश्यीय कृषि सहकारी संस्थाहरुको भवन निर्माणमा रु. ७ लाख ५० हजार (३७.५० प्रतिशत) बजेट व्यवस्था गरी भुक्तानी गरेको प्राप्त विवरणबाट देखिन्छ । योजना छनौटका निश्चित आधारवेगर यसरी गरिएबाट खर्च रकमको यथार्थ सदुपयोग भएको छ भन्ने अवस्था यि उदाहरणहरुबाट देखिँदैन ।

१९.१६. ओखलढुंगा क्षेत्र नम्बर - २ अर्न्तगत मानेभञ्ज्याङ्ग भोर्ले-भुतपानी-थाक्ले गा.वि.स. भवन मोटरबाटो निर्माण वापत यो वर्ष कार्यालयबाट रु.९ लाख ८५ हजार भुक्तानी दिई रु.१२ लाख ६६ हजारको कार्य सम्पन्न गराएकोमा स्थलगत निरीक्षण र समूहगत छलफल गर्दा बाटोको ट्र्याक २ (दुई) कि.मी. मात्र डोजरद्धारा खोल्ने काम भएको र देवीस्थान खेल मैदान सम्म पुग्न अझै करिव १० कि.मी. ट्र्याक खोले पछि मात्र बाटोको लक्ष्य पुरा हुने देखिन्छ । कार्यसम्पन्न हुने गरी बजेट विनियोजन हुनुपर्दछ ।

१९.१७. ओखलढुंगा क्षेत्र नं. - २ अर्न्तगत वेतिनि-पारादोभान सडक निर्माण कार्यमा यो वर्ष रु. ७ लाख ७५ हजार कार्यालयबाट भुक्तानी दिई रु १२ लाख ४३ हजारको कार्य सम्पन्न गरेकोमा स्थलगत निरीक्षण र समूहगत छलफल गर्दा सो सडकको करिब २ कि.मी. मात्र ट्र्याक डोजरद्धारा खोलेको र सो सडकको अन्तिम बिन्दु पारा दोभान पुग्न करिव ८ कि.मी. बाँकी भएकोले योजना अधुरो रहेको देखिन्छ ।

१९.१८. ओखलढुङ्गा जिल्लामा नियमावली विपरीत मानेभञ्ज्याङ्ग भोर्ले भुतपानी थाक्ले गा.वि.स. भवन मोटरबाटो र देवस्थान खेलमैदान थाक्लेलाई गाभेर रु. ९ लाख ८५ हजार, वाक्सा लघु जलविद्युत र लिखु दुधकोशी लघु जलविद्युत योजना गाभेर रु. ९ लाख ८५ हजार र साँखे मोटरबाटो बलखु र दुल्लु लघु जलविद्युत योजना गाभेर रु. ९ लाख ८५ हजार विनियोजन गरी निर्माण कार्य एउटै उपभोक्ता समितिवाट गराएको छ । योजना गाभेर बजेट विनियोजन गरी एउटै समिति मार्फत कार्य गराउँदा आयोजना कार्यान्वयन प्रभावकारी नहुन सक्दछ ।

१९.१९. रसुवा जिल्ला अर्न्तगत रामचे गाउँ विकास समिति वडा नं. ६ मा निर्माण गरिने वलेप सामुदायीक भवनको लागि रु. ५० हजार उपलब्ध गराएकोमा उक्त रकमबाट एक व्याक्तिको निजी जग्गामा ढुङ्गाको चाङ लगाई सतह मिलाउने काम मात्र भएको छ । साथै भवनको कुल लागत अनुमान तयार गरेको छैन भने आ.ब. ०७३।७४ मा रकम उपलब्ध गराएको छैन । यसरी आयोजना सम्पन्न हुने गरी बजेट विनियोजन नहुँदा हाल सम्म भएको खर्च उपलब्धी विहिन हुने देखिन्छ ।

१९.२०. सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नम्बर - २ मा शहीद स्मृती प्रतिष्ठान नेपाल, चौतारा शाखाको भवन निर्माणको लागि गत विगत बर्ष पनि बजेट विनियोजन भई खर्च भएकोमा आ.ब. २०७२।७३ मा रु. २५ लाख विनियोजन भई खर्च भएको छ । लेखापरीक्षण अवधि सम्म उक्त भवन निर्माणको कार्य सम्पन्न नभई अधुरो रहेको पाईयो भने उक्त भवन एक राजनैतिक दलको भगिनी संगठनले प्रयोग गरीरहेको पाईयो ।


अधुरो अवस्थामा रहेको शहीद स्मृती भवन

१९.२१. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अर्न्तगत बाजुरा जिल्लाले आर्थिक बर्ष २०७२।७३ मा बहुउद्देश्यीय कभर्डहल निर्माणको लागि रु. ४५ लाख विनियोजन गरेको छ । ठेक्काद्धारा निर्माण कार्य भएकोमा २०७३।८।१५ सम्म कार्य सम्पन्न गरेको छैन । कूल लागत

रु. १ करोड ९३ लाख भएको उक्त आयोजनामा पर्याप्त बजेट विनियोजन नभई अधुरो रहेकोले आयोजनाबाट उपलब्धी प्राप्त हुन सकेको छैन ।

१९.२२. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०७१ अनुसार आयोजना छनौट र बजेट विनियोजन गर्दा सोही आर्थिक बर्षमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयनको निम्ती आवश्यक पर्ने बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । भोजपुर जिल्ला अर्न्तगत जिल्ला सदरमुकाममा रंगशाला निर्माणको लागी रु. ४ लाख ६७ हजार र गुरुयोजना निर्माणको लागी रु. ३ लाख ७९ हजार खर्च भएकोमा कम बजेट विनियोजन भएको कारण रंगशाला निर्माणको काम अधुरो रहेको छ । यसबाट खर्च रकम उपलब्धि वहीन रहने देखिन्छ ।

१९.२३. कन्चनपुर क्षेत्र नम्बर - २ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट विभिन्न विद्यालयबाट माग भए बमोजिम कम्प्यूटर तथा फर्निचर वितरणको लागि रु. २० लाख ७५ हजारको आयोजना छनौट भएकोमा यो बर्ष खर्च नभएकोले आयोजनाको उद्देश्य पुरा हुन सकेको छैन ।

१९.२४. गुल्मीमा निर्वाचन क्षेत्र पूर्वाधार र निर्वाचन क्षेत्र विकास कार्यक्रमवाट ११८ वटा आयोजना छनौट भएकोमा १४ वटा आयोजनामा विनियोजित रकम रु. ३८ लाख ३६ हजार खर्च हुन नसकेकोले आयोजनाको उद्देश्य पुरा हुन सकेको छैन ।

१९.२५. पर्वतमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट छनौट गरिने आयोजना जिल्लाका विभिन्न क्षेत्रलाई समावेश गरी रु. ५० हजार देखि रु. १ लाख सम्मका टुक्रे कार्यक्रमहरुलाई जोडेर रु. ७ लाख भन्दा बढीको आयोजना बनाउने गरेको देखियो । विभिन्न स्थान जोडेर सात लाख भन्दा कमका आयोजना छनौट गरी कार्यान्वयन गर्दा आयोजनाको पूरा उद्देश्य प्राप्त हुन सक्दैन ।

१९.२६. बर्दीया जिल्लामा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट रु. ७५ लाख २३ हजारको १८ वटा विद्युत ट्रान्सफर्मर खरिद गरिएकोमा लेखापरीक्षण अवधि सम्म पनी जडान नगरिएकोले आयोजनाको उद्देश्य पुरा भएको छैन ।

१९.२७. सल्यान जिल्लाको क्षेत्र नम्वर - २ अर्न्तगत कुपिण्डेताल संरक्षण तथा अनुसन्धान कार्यक्रमको योजना पारित गर्दा जिल्ला विकास समितिवाट नगरी सोझै एक प्रा.ली.वाट सञ्चालन गर्ने निर्णय गरी रु. १२ लाख खर्च गरेको छ भने दुई निजी उच्च मा.वि.को पूर्वाधार निर्माणमा रु. २१ लाख खर्च गरेकोले नियममा भएको व्यवस्थाको कार्यान्वयन भएको छैन ।

१९.२८. सिरहा क्षेत्र नम्वर ५ अर्न्तगत निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट गोलवजार नगरपालिकामा खानेपानी उपभोक्ता समिति मार्फत रु. ३० हजार देखि रु. ८ लाख ३३ हजार सम्मका इनार खन्ने, बोरीङ्ग गर्ने जस्ता स-साना कार्यक्रम सञ्चालन गरी रु. ४८ लाख ५५ हजार खर्च गरेको छ । तोकिए भन्दा बढी लागतको आयोजना देखाउनको लागि स-साना कार्यक्रमलाई समावेश गरी सञ्चालन गरिएको आयोजनाले नियमावलीमा भएको छनौट प्रकृयाको कार्यान्वयन नभएको र स-साना कार्यक्रम सञ्चालनवाट अधिकतम प्रतिफल प्राप्त नहुने देखिन्छ ।

२०. **आयोजना सञ्चालन र हस्तान्तरण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०८ मा आयोजना कार्यान्वयन गर्दा प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट उपभोक्ता समिति गठन गराउनुपर्ने र दफा २१४ मा सम्पन्न आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमका अधिकांश आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छैन र हस्तान्तरण गरिएकोमा समेत प्रक्रिया पुऱ्याउने कार्य मात्र भएको छ । उपभोक्ता समिति गठन भएपछि दर्ता तथा नविकरण गर्ने कानूनमा व्यवस्था नभएको र एउटै आयोजनामा धेरै समितिले कार्य गरेकोमा समितिमा जिम्मेवारी वोध नहुन सक्ने देखिन्छ । आयोजना दिगो र प्रभावकारी कार्यान्वयनको लागि उपभोक्ता समिति दर्ता तथा नविकरण गर्ने प्रावधान कानूनमा व्यवस्था गरी एउटा आयोजनाको उद्देश्य अनुसार सम्पुर्ण कार्य सम्पन्न गर्ने गरी समितिलाई जिम्मेवारी प्रदान गरी सम्पन्न भएको आयोजना संचालन रेखदेख तथा मरमतसंभारको जिम्मेवारी सहित आयोजना हस्तान्तरण गरिनुपर्दछ ।

२१. **वितरणमुखी खर्च :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०७१ को नियम ६ र निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ४(१) मा सञ्चालन गर्न सकिने आयोजनाको किसिम तोकिएको छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट

खानेपानीका पाईप तथा विद्युतीय सामग्री खरिदमा २०७१।७२ मा पाँचथर, डोटी लगायत ५ जिल्लाको ९ निर्वाचन क्षेत्रले रु. १ करोड ६५ लाख र २०७२।७३ मा कञ्चनपुर, धादिङ्ग लगायत १४ जिल्लाको २२ निर्वाचन क्षेत्रले रु. ६ करोड ८६ लाख र निर्वाचन क्षेत्र विकास कार्यक्रमवाट खानेपानीका पाईप, जस्तापाता, कम्प्यूटर, विद्युतीय सामाग्री, स्वास्थ्य सामग्री खेलकुद सामाग्री, लगायतका सामान खरिद कार्यमा २०७०।७१ मा धादिङ्ग, कपिलवस्तु लगायत ८ जिल्लाको १२ सांसदले रु. ४४ लाख, २०७१।७२ मा बाजुरा, भक्तपुर लगायत ९ जिल्लाको २० सांसदले रु. ६० लाख र २०७२।७३ मा कञ्चनपुर रामेछाप लगायत १९ जिल्लाको ३७ सांसदले रु. २ करोड ३० लाख विनियोजन गरी खर्च गरेकोले नियमावलीले तोके बमोजिमको आयोजनाहरुमा खर्च गरेको पाईएन । तोकिए बमोजिमको आयोजनामा बजेट विनियोजन तथा कार्यान्वयन हुनुपर्दछ ।

२२. **सुपरिवेक्षण तथा अनुगमन :** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम १४ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट सञ्चालित आयोजनाहरुको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समितिवाट अनुगमन गरी प्रतिवेदन दिनुपर्ने र निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ८(क) मा सम्बन्धित सांसदले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको बर्षमा कम्तीमा एक पटक अनुगमन गरी प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार सिन्धुली, पर्वत लगायत २२ जिल्लाले आर्थिक बर्ष २०७०।७१ मा रु. ४ करोड ६७ लाख रकमको २९५ आयोजना, २०७१।७२ मा रु. ४३ करोड २५ लाखको १०४५ आयोजना र २०७२।७३ मा रु. ८७ करोड ७ लाखको १८४३ आयोजना कार्यान्वयन भएकोमा सुपरिवेक्षण तथा अनुगमन भएको देखिएन । मुस्ताङ जिल्लामा रु. २ करोड ६ लाखका १९ वटा आयोजनाको अनुगमन गरेकोमा ९५ प्रतिशत योजना उपभोक्ता समितिले ठेक्कामा दिएको, ९५ प्रतिशत योजनामा सुचना पाटी नराखिएको र काम सम्पन्न नभएको योजनाको रकम फ्रिज हुन नदिन गा.वि.स.को खातामा पठाउने गरिएको अनुगमन बाट देखिएको व्यहोरा उल्लेख छ । सञ्चालित आयोजनाको अनुगमन नगर्ने र गरिएको आयोजनामा देखिएको कैफियतहरुमा सुधार नहुँदा आयोजनाको कार्य सञ्चालनमा कार्यदक्षता देखिएन । आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि आयोजनाको सुपरिवेक्षण तथा अनुगमन गरी कैफियत देखिएका व्यहोराहरु समयमा सुधार गर्नुपर्दछ ।

**(ग) आयोजनाको उपलव्धी मूल्याङ्कन :**

२३. **आयोजनाको प्रभाव मुल्यांकन :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०६ मा आयोजनाको प्रभाव मुल्यांकन गर्दा सामाजिक, आर्थिक, सेवा सुविधा र वातावरणीय प्रभाव मुल्यांकन गर्नुपर्ने व्यवस्था छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट सञ्चालित आयोजनाहरुको १६ जिल्लाबाट प्राप्त विवरण अनुसार सम्पन्न भएका आयोजनाहरुको प्रभाव मुल्यांकन भएको छैन । आयोजनाको उद्देश्य पुरा हुने गरी बजेट विनियोजन भई सो अनुसार कार्य सम्पन्न नभएको कारणले प्रभाव मुल्यांकन नभएको हुन सक्दछ । आयोजनाको प्रभाव मुल्यांकन नहुँदा आयोजनाले स्थानीय जनताको जिवनस्तरमा सुधार भए नभएको, आयोजनाले उपलब्ध गराएको सेवा गुणस्तरीय भए नभएको, प्राकृतिक प्रकोपको समस्या उत्पन्न भए नभएको मुल्यांकन हुँदैन भने आगामी दिनमा योजना सञ्चालन सम्बन्धमा सुधार गर्न पृष्ठपोषण प्राप्त हुँदैन । आयोजनाको उद्देश्य पुरा हुने गरी बजेट विनियोजन गरी सम्पन्न आयोजनाको सकारात्मक तथा नकारात्मक प्रभावहरुको मूल्यांकन गरी आगामी बर्षमा योजना छनौट तथा कार्यान्वयनको लागि पृष्ठपोषणको रुपमा लिनुपर्दछ ।

२४. **समुहगत छलफल :** समुहगत छलफलको लागि छनौट गरिएका ७ जिल्लाको प्रत्येक निर्वाचन क्षेत्रबाट २ आयोजना पर्ने गरी आयोजना स्थलमा गरिएको सरोकारवालाहरु सँगको छलफलबाट आयोजना छनौट तथा कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२४.१. योजना छनौट सम्बन्धमा बजेट कम विनियोजन हुने भएकोले योजना सम्पन्न हुने नगरेकोले योजनाको सम्पुर्ण कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्नुपर्ने, प्रथम चौमासिकमा योजना छनौट नभएको र बर्षातको समयमा योजनाको कार्य गर्नुपर्दा गुणस्तर युक्त कार्य नहुने भएकोले समयमै योजना छनौट हुनुपर्ने,

सम्भाव्यता अध्ययन नभएको योजनाहरु छनौट हुने गरेको, स्थानीय आवश्यकता भन्दा पनि आफ्नो पार्टीको कार्यकर्ता सँग छलफल गरी सांसदले योजना टुंगो लगाउने गरेको, पहुँचको आधारमा योजना छनौट हुने गरेको, जुन ठाउँमा आफ्नो कार्यकर्ता बढी छन् त्यही ठाँउको मात्र योजना छनौट हुने गरेको, धेरै संख्यामा योजना छनौट हुने गरेको, सांसद मार्फत योजना छनौट हुँदा राजनैनिक आस्था हावी हुने र आफ्ना कार्यकर्ताहरु सँग मात्र छलफल हुने भएकोले सरकारी च्यानलबाट नै योजना छनौट तथा कार्यान्वयन हुँदा राम्रो हुने, एक बर्ष भित्र सम्पन्न हुन सक्ने योजनाहरु छनौट नभई क्रमागत प्रकृतिका योजनाहरु छनौट हुने गरेको  जस्ता भनाई आएका छन् ।

२४.२. योजना कार्यान्वयन सम्बन्धमा पर्याप्त सुपरीवेक्षण तथा अनुगमन नभएको, उपभोक्ता समितिले संचालन गरेका योजनाहरुमा श्रमदान नजुट्ने र समितिले डोजर लगाउन नमिल्ने भएकोले योजना कार्यान्वयनमा समस्या रहेको, बजेटको अभावमा योजना सम्पन्न नभई अधुरो रहने गरेको, गुणस्तर परीक्षण हुने नगरेको, धेरै जसो योजनाहरु सम्पन्न नभएकोले संचालनमा नरहेको र हस्तान्तरण पनि हुने नगरेको, धरैजसो योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन भएकोमा उपभोक्ता समिति दर्ता हुने नगरेको जस्ता भनाई आएका छन् ।

२५. **अर्न्तवार्ताका मुख्य व्यहोरा** : निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अर्न्तगत सञ्चालित आयोजना छनौट, कार्यान्वयन तथा उपलब्धी मुल्यांकन सम्बन्धमा रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गा जिल्लामा ३४० सरोकारवालाहरुसँग सोधीएको निम्नानुसार प्रश्नमा निम्नानुसार जवाफ प्राप्त भएको छ :

२५.१. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका कार्यक्रम छनौट कहिले सम्ममा भई सक्छन् ? भनी सोधिएकोमा २२.९४ प्रतिशतले प्रथम चौमासिक, ३९.४१ प्रतिशतले दोस्रो चौमासिक र ३७.६५ प्रतिशतले तेस्रो चौमासिकमा छनौट भई सक्छन भन्ने जवाफ दिएका छन् ।

२५.२. छनौट गरीएका योजनाहरु स्थानिय आवश्यकता तथा मागको आधारमा प्राथमिकता निर्धारण गरे बमोजिम छन ? भनी सोधिएकोमा ३६.१८ प्रतिशतले छ र ४०.८८ प्रतिशतले आंशिक छ र २२.९४ प्रतिशतले छैन भनी जवाफ दिएका छन् ।

२५.३. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत छनौट भएका आयोजना कार्यान्वयनमा जनसहभागीता जुट्ने गरेको छ ? भनी सोधिएकोमा ४१.१८ प्रतिशतले छ, ३९.१२ प्रतिशतले आंशिक छ र १९.७१ प्रतिशतले छैन भन्ने जवाफ दिएका छन् ।

२५.४. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका आयोजनाहरु कसरी छनौट हुन्छन् ? भनी सोधिएकोमा २५.५९ प्रतिशतले सहभागीतामुलक शैलीमा, ४६.७६ प्रतिशतले राजनैतिक पहुँचको आधारमा र २७.६५ प्रतिशतले सांसदले आफै छनौट गर्नुहुन्छ भन्ने जवाफ दिएका छन् ।

२५.५. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत सञ्चालित आयोजनाहरुको निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम अनुगमन समिति तथा सम्बन्धित सांसदले अनुगमन तथा मुल्यांकन गर्ने गरेका छन् ? भनी सोधिएकोमा ४०.१९ प्रतिशतले छ, ३८.२४ प्रतिशतले छैन र २१.४७ प्रतिशतले मलाई थाहा भएन भन्ने जवाफ दिएका छन् ।

२५.६. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत निर्माण भईरहेका वा सम्पन्न भएका योजनाहरुको कामको गुणस्तर कस्तो पाउनु भएको छ ? भनी सोधिएकोमा ४२.३५ प्रतिशतले राम्रो, ३६.४७ प्रतिशतले सन्तोषजनक र २१.१८ प्रतिशतले कामै नलाग्ने जवाफ दिएका छन् ।

२५.७. आयोजनाको निर्माण कार्य तथा निर्माणमा प्रयोग भएका सामाग्रीहरु गुणस्तरयुक्त भए नभएको सुनिश्चितताको लागी गुणस्तर परीक्षण हुने गरेको छ ? भनी सोधिएकोमा १६.१८ प्रतिशतले छ, ६१.१८ प्रतिशतले छैन र २२.६५ प्रतिशतले मलाई थाहा छैन भनी जवाफ दिएका छन् ।

२५.८. आयोजना सम्पन्न भएपछि सामाजिक परीक्षण र सार्वजनिक परीक्षण हुने गरेको छ ? भनी सोधिएकोमा ४२.०६ प्रतिशतले छ, ३८.२४ प्रतिशतले छैन र १९.१८ प्रतिशतले मलाई थाहा छैन भनी जवाफ दिएका छन् ।

२५.९. निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका योजनाहरु सम्पन्न भए पछि जनताको जिवनस्तर (आर्थिक तथा सामाजिक अवस्था) मा कस्तो प्रभाव परेको छ ? भनी सोधिएकोमा ४७.३५ खासै प्रभाव परेको छैन, ४०.५९ प्रतिशतले आंशिक सुधार भएको छ १२.०६ प्रतिशतले उल्लेखनीय सुधार भएको छ भन्ने जवाफ दिएका छन् ।

## निष्कर्ष

स्थानीय निकायको रुपमा सञ्चालित जि.वि.स./न.पा./गा.वि.स.ले नेपाल सरकारको स्थानीय प्रतिनिधीको रुपमा जनतासंग काम गर्ने, स्थानीय आवश्यकताको आधारमा विकास निर्माणका योजनाहरु छनौट गर्ने, छनौट भएका योजनाहरु संचालन गर्ने र तिनको अनुगमन मूल्यांकन गर्ने कार्यहरु गर्दछन् । साथै निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका योजनाहरु छनौट, संचालन र अनुगमन मूल्यांकनको काम समेत जिल्ला विकास समितिवाट हुने गरेको छ । ती कार्यहरु गर्ने क्रममा स्थानीय आवश्यकताको आधारमा कार्यक्रमहरु छनौट तथा संचालन गर्ने, अधुरा योजना पूरा गर्ने, श्रोतको सुनिश्चितता भएपछि मात्र योजना छनौट गर्ने, न्यून रकमका योजना छनौट नगर्ने र अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिई स्थानीय नागरिकहरुको विकासप्रतिको अपेक्षा पूरा गर्नका लागि दक्षता अभिवृद्धि गर्नुपर्ने देखिएको छ ।

## खण्डगत सञ्चालन ढांचा (Segment Operational Model) – जिल्ला विकास समितिहरु



अनुसुची-२

कार्यमूलक लेखापरीक्षणका लागि सरोकारवालाहरु सँग समुहगत छलफल गर्न छनौट गरिएका योजनाहरु

| क्र.सं. | योजनाको नाम | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|
| १. | हरीहरपुर-गढी-जितपुरगढी सडक | सिन्धुली | ३ |
| २. | किरायाखोर भञ्ज्याङ्ग-रानीछाँगा-सिरुवारी सडक | सिन्धुली | ३ |
| ३. | ग्वालटार-सुदामे-रानीखोला-तिनकन्या सडक | सिन्धुली | २ |
| ४. | हैवार गाउँ-कालढुङ्गा-देउराली सडक | सिन्धुली | २ |
| ५. | हाटबजार टहरा निर्माण, दुधौली | सिन्धुली | १ |
| ६. | कमला नदी नियन्त्रण आयोजना | सिन्धुली | १ |
| ७. | हतपते बोरीङ खानेपानी आयोजना | सिन्धुली | २ |
| ८. | आदर्श बहुमुखी क्याम्पस गजुरी | धादीङ्ग | ३ |
| ९. | डुम्रे माहरियर जनगाँउ सडक | धादीङ्ग | ३ |
| १०. | डुम्रेखोला वाँजगरा धारपानी विद्युत स्तारोन्नती | धादीङ्ग | २ |
| ११. | पौवा रिजाल थोक -मैदान काफलछाप सडक | धादीङ्ग | २ |
| १२. | पुर्वीगाँउ खानेपानी आयोजना धुवाकोट | धादीङ्ग | १ |
| १३. | रामशाह स्मृति भवन धुवाकोट | धादीङ्ग | १ |
| १४. | बेतिनी पाशदोभान सडक | ओखलढुङ्गा | २ |
| १५. | थाक्ले गा.वि.स. हुँदै खत्री गाँउ सडक | ओखलढुङ्गा | २ |
| १६. | श्रष्टा पार्क ओखलढुङ्गा | ओखलढुङ्गा | १ |
| १७. | मिशन अस्पताल सौर्य उर्जा | ओखलढुङ्गा | १ |
| १८. | फर्पु ३ पुरानागाँउबाट वडा नं. ४ हुदै देवालीथान हुदै सहकारी जोड्ने सडक ट्रयाक ओप स्तरोन्नती कार्य | रामेछाप | १ |
| १९. | भैरवी निमावि मुनी किरावोटे भ्याकुरे खेला दोभान सडक ट्रयाक ओपन सुनारपानी | रामेछाप | १ |
| २०. | बुद्धिष्ट समाज विकास समिति बुद्धिष्ट समाज हल भवन मन्थली २ | रामेछाप | २ |
| २१. | कल्चौडे बाबुराम स्मृती प्रा.वि थाल्के फलाटे सडक पकरवास | रामेछाप | २ |
| २२. | महेन्द्र कान्ति उ.मा.वि. भवन, कालिका | सिन्धुपाल्चोक | १ |
| २३. | गणेश उ.मा.वि. भवन | सिन्धुपाल्चोक | १ |
| २४. | शहिद स्मृती प्रतिष्ठान चौतारा भवन | सिन्धुपाल्चोक | २ |
| २५. | सेतीदेवी उच्च मा.वि. मेसिनरी वाल | सिन्धुपाल्चोक | २ |
| २६. | शहिद स्मृती चक्रपथ सडक | सिन्धुपाल्चोक | २ |
| २७. | जनता मा.वि. भवन, ज्यामिरे | सिन्धुपाल्चोक | ३ |
| २८. | मानेढुङयुर गुम्वा निर्माण, लाङटाङ | रसुवा | १ |

| | | | |
|---|---|---|---|
| २९. | पलेप सामुदायिक भवन निर्माण, राम्चे | रसुवा | १ |
| ३०. | ज्याङलाङ वेत्ताङ कृषि सडक धैवुङ | रसुवा | १ |
| ३१. | कोलेखोला मुहान गरी देउराली गौडा प्रा.वि. खानेपानी मर्मत धैवुङ | रसुवा | १ |
| ३२. | तादिपुल ज्यामिरे महिला भवन कालेधारा मोटरबाटो मर्मत, जिलिङ | नुवाकोट | १ |
| ३३. | चिसापानी थोपा सिंचाई, जिलिङ | नुवाकोट | १ |
| ३४. | काठेचौर सिस्नेरी ग्रामीण सडक | नुवाकोट | १ |
| ३५. | रणभुवनेश्वरी पूर्वाधार निर्माण, खड्कभन्ज्याङ | नुवाकोट | ३ |
| ३६. | कात्तिकेखोला सुन्तलेटार आठविसे सडक निर्माण, भद्रुटार | नुवाकोट | २ |